अमर ज्योति पूर्व विद्यार्थी समाज

Society of Amar Jyoti Alumni – SAJA

अमर ज्योति पूर्व विद्यार्थी समाजको विधान, २०५६ (पुनर्लेखन २०८२) माथि प्रस्तावित संसोधन प्रस्ताव

क.सं.	विद्यमान प्रावधान	संशोधन प्रस्ताव	संशोधन गर्नुपर्ने कारण
१	साविकमा नभएको	परिच्छेद -१ को दफा (२) परिभाषा (त) "शिक्षक" भन्नाले अमर ज्योति जनता माध्यमिक विद्यालयमा कुनै पनि समयमा अध्यापन कार्यमा संलग्न पूर्व शिक्षक वा हाल अध्यापनरत वहालवाला शिक्षक समेतलाई सम्झनुपर्छ। (थ) "कर्मचारी" भन्नाले अमर ज्योति जनता माध्यमिक विद्यालयमा कुनै पनि समयमा कर्मचारीका रूपमा नियुक्ति लिई विद्यालयको कार्यमा संलग्न पूर्व कर्मचारी वा हाल कार्यरत वहालवाला कर्मचारी समेतलाई सम्झनुपर्छ।	शिक्षक र कर्मचारीलाई परिभाषामा समेट्नु पर्ने भएकाले
२	साविकमा नभएको	परिच्छेद -३ को दफा (६) सदस्यका प्रकार र सदस्यता शुल्क (ङ) एशोसिएट सदस्य : यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका विद्यालयमा कार्यरत वा पूर्व शिक्षक वा कर्मचारीहरुले तोकिएको प्रक्रिया अन्तर्गत रही सदस्यता शुल्क रु. ५००/- बुझाई निवेदन गरेमा कार्य समितिको निर्णयले एशोसिएट सदस्यता प्रदान गरिनेछ। एशोसिएट सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र नविकरण शुल्क रु ३००/- बुझाई सदस्यता नविकरण गराउनु पर्नेछ।	शिक्षक र कर्मचारीलाई समेत सदस्यमा समेट्नु पर्ने भएकाले

३	साविकमा नभएको	परिच्छेद -३ को दफा (७) सदस्य हुनको लागि योग्यता (ज) विद्यालयमा कार्यरत वा पूर्व शिक्षक वा कर्मचारी भई समाजको उद्देश्य अनुसार कार्य गर्न इच्छुक भएको,	शिक्षक र कर्मचारीको योग्यता तोक्नुपर्ने भएकाले
४	परिच्छेद -३ को दफा (१०) साधारण सभाको गठनः- क) यस विधानको दफा ६(घ) बमोजिमका मानार्थ सदस्यहरु बाहेक दफा ६ को (क),(ख),(ग) बमोजिमका सदस्यहरु सम्मिलित रहेको साधारण सभाको गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् र निजहरुको मताधिकार हुनेछैन । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।	परिच्छेद -३ को दफा (१०) साधारण सभाको गठनः- (क) यस विधानको दफा ६(घ) बमोजिमका मानार्थ सदस्यहरु र दफा ६(ङ) बमोजिमका एशोसिएट सदस्यहरू बाहेक दफा ६ को (क), (ख) र (ग) बमोजिमका सदस्यहरु सम्मिलित रहने गरी साधारण सभाको गठन हुनेछ । साधारण सभामा एशोसिएट र मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् र निजहरुको मताधिकार हुनेछैन । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।	साधारण सभाको गठन विधिलाई थप प्रष्ट पर्नुपर्ने भएकाले
५	दफा (१७) गणपूरक संख्या :- क) कुल सदस्य संख्याको बहुमत (५१ प्रतिशत) साधारण सदस्यहरुको उपस्थिति नभई साधारण सभाको काम कारवाही हुने छैन । ख) तर विधानको दफा १० को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको २५% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।	दफा (१७) गणपूरक संख्या :- क) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) सदस्यहरुको उपस्थिति नभई साधारण सभाको काम कारवाही हुने छैन । ख) तर विधानको दफा १० को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।	समाज कल्याण परिषदको निर्देशन अनुसार गर्नुपर्ने भएकाले

प्रशासकीय अधिकृत